नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(............................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७७/७८
चलानी नम्बर :- ७२८०

मिति : २०७७-०५-३१

विषय :- लेखापरिक्षक नियुक्ति सम्बन्धमा ।

**अपर तामाकोशी हाइड्रोपावर (लि. नं. ९९१)**
का.म.न.पा.-३१,काठमाण्डौ,बाग्मती

प्रस्तुत विषयमा तहाँबाट अपर तामाकोशी हाइड्रोपावरबाट आएका २ जाना प्रस्तावित भई आएका लेखापरिक्षक श्री सतिस सुवेदी र श्री नरेश दुङ्गानालाई आ.व. ०७६/०७७ का लागी लेखापरिक्षक नियुक्तिका लागी स्वीकृती पाउँ भनि दिनु भएको निवेदन उपर कारवाही हुँदा माग बमोजिम उल्लेखित व्यक्तिलाई तहाँबाटै पारिश्रमिक दिने गरी लेखापरीक्षक नियुक्ति गर्न स्वीकृती दिने भनि मिति २०७७/०५/३१ मा निर्णय भएकाले जानकारीका लागी अनुरोध छ ।

UTKHPL
Reg. No:- 290
Date:- 2066/6/19

| For | Action | Copy |
|---|---|---|
| Project Chief | | |
| Technical Division | | |
| Adm. Division | | |
| Company Secretary | ✓ | |
| Finance Division | ✓ | |
| Account Section | | |
| | | |
| | | |
| | | |

Signature:-
Date: ........../........../..........

(राजन कुमार बस्नेत)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरिक राजश्व कार्यालय, काठमाडौं ।
श्री बिद्युत विकास विभाग, काठमाडौं ।

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

# अपर तामाकोशी हाइड्रोपावर लिमिटेड

काठमाडौं, नेपाल

☎ ९७७-१-४४२१६९४, ४४२०२६८
४४२०६५८, ४४२०२९५
फ्याक्स् नं. ९७७-१-४४१२५६९
इमेल:- neautp@mos.com.np
वेभसाइट:- www.tamakoshihydro.org.np


प.लि.द.नं. ९९१/०६३/६४
प.सं./च.नं. २०७७/७८- ११३

मितिः २०७७/०४/२१

श्री कम्पनी रजिष्ट्रारको कार्यालय
लिमिटेड शाखा
त्रिपुरेश्वर, काठमाण्डौं।

विषयः **लेखापरीक्षक नियुक्ति सम्बन्धमा।**

महाशय,

यस कम्पनीको आ.व.२०७६/७७ को लेखापरीक्षक नियुक्त गर्न लेखापरीक्षण ऐन,२०७५ को दफा ११(२) मा भएको व्यवस्था अनुसार लेखापरीक्षण समितिको मिति २०७६/११/१५ मा बसेको बैठकको सिफारिस अनुसार श्री महालेखापरीक्षक कार्यालयको परामर्शको लागि मिति २०७६/११/२८ को पत्रमार्फत अनुरोध गरिएकोमा श्री महालेखापरीक्षकको कार्यालयबाट मिति २०७७/०४/०६ मा प्राप्त पत्रमा लेखापरीक्षण सम्पन्न गर्ने अवधि २०७७ माघ मसान्त तोकी चार्टर्ड एकाउण्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुङ्गानालाई संयुक्तरुपमा आ.व.२०७६/७७ को लेखापरीक्षक नियुक्तीको लागि परामर्श प्राप्त भएको छ।

तर, विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को प्रभावको कारण १२औं वार्षिक साधारण सभा बोलाउन नसकिएको र सो सभाबाट सर्वसाधारण समूहबाट ४ जना सञ्चालकहरू समेत निर्वाचन गर्नु पर्ने भएकोले COVID-19 को प्रभाव मत्थर भएपछि मात्र साधारण सभा बोलाउन उपयुक्त हुने देखिएको हुँदा कम्पनीको सञ्चालक समितिको मिति २०७७/०४/१६ मा बसेको २२५ औं बैठकबाट कम्पनीको आ.व.२०७६/७७ को लेखापरीक्षणको लागि श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भएका चार्टर्ड एकाउण्टेन्टद्वय श्री सतिस सुवेदी र श्री नरेश ढुङ्गानालाई संयुक्तरुपमा कम्पनी ऐन २०६३ को दफा ११३ मा भएको व्यवस्था अनुसार लेखापरीक्षकमा नियुक्तिको लागि तहाँ अनुरोध गर्ने निर्णय भएको हुँदा सो निर्णय अनुरुप नियुक्ति हुने व्यवस्थाको लागि अनुरोध छ।

संलग्नः
१. आ.व. २०७५/७६ को लेखापरीक्षकको प्रतिवेदन।
२. श्री महालेखा परीक्षकको कार्यालयबाट मिति २०७७/०४/०६ मा प्राप्त पत्रको प्रतिलिपी।
३. सञ्चालक समितिको मिति २०७७/०४/१६ मा बसेको २२५ औं बैठकको निर्णय।

(राम सुन्दर श्रेष्ठ)
कम्पनी सचिव

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
सार्वजनिक संस्थान लेखापरीक्षण निर्देशनालय


पत्र संख्या : २०७७/७८
चलानी नम्बर : ९

मिति: २०७७।०४।०६

**विषय** : लेखापरीक्षक नियुक्तिको परामर्श सम्बन्धमा ।

श्री प्रमुख कार्यकारी अधिकृतज्यू,
माथिल्लो तामाकोशी जलविद्युत आयोजना,
ज्ञानेश्वर, काठमाण्डौ ।

त्यस आयोजनाको पत्र संख्या २०७६।७७ च.नं. ८०३ मिति २०७६।११।२८ को पत्रबाट आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्तिको लागि परामर्श माग गरिएकोमा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार उक्त आर्थिक वर्षको लेखापरीक्षण गर्न चार्टर्ड एकाउण्टेन्टद्वय **श्री सतिस सुवेदी** र **श्री नरेश ढुङ्गाना**लाई संयुक्तरुपमा लेखापरीक्षण गर्ने र बराबर पारिश्रमिक पाउने गरी लेखापरीक्षकमा नियुक्ति गर्नको लागी परामर्श दिइने- २०७७।०४।०५ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

लेखापरीक्षकमा नियुक्ति भएपछि लेखापरीक्षण ऐनले निर्दिष्ट गरेका व्यहोरा समेत परीक्षण गर्न लेखापरीक्षकलाई जानकारी गराउनु हुन तथा लेखापरीक्षण कार्यको सञ्चालन, अनुगमन तथा सुपरीवेक्षण कार्यमा यस कार्यालयबाट अनुगमन गर्न सघाउ पुग्ने गरी निम्न लिखित विवरणहरु अनिवार्य रुपमा यस कार्यालयमा उपलव्ध गराई दिनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

१. लेखापरीक्षकबाट जाँच तथा परीक्षण कार्य सुरु हुनु पूर्व लेखापरीक्षकको नियुक्ति पत्र, लेखापरीक्षण ऐनले निर्दिष्ट गरेका व्यहोरा परीक्षण गर्न लेखापरीक्षकलाई गराएको जानकारी र अन्य कुनै जानकारी गराइएको भए सो व्यहोरा,
२. लेखापरीक्षण कार्यतालिका एवं लेखापरीक्षणमा संलग्न हुने जनशक्ति विवरण समेतको लेखापरीक्षण योजना तथा कार्यक्रम,
३. लेखापरीक्षकबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गर्नुपूर्व उक्त प्रतिवेदनको मस्यौदा,
४. लेखापरीक्षकबाट लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरेको ३ दिन भित्र उक्त प्रतिवेदनको एक प्रति,
५. महालेखापरीक्षकको कार्यालयमा प्राप्त हुन आएको लेखापरीक्षणको योजना, कार्यक्रम र प्रारम्भिक प्रतिवेदनको मस्यौदाको आधारमा महालेखापरीक्षकको कार्यालयबाट कुनै निर्देशन भएमा उक्त निर्देशन पालना गरी लेखापरीक्षण सम्पन्न पश्चात लेखापरीक्षकबाट पेश गरेको व्यवस्थापन पत्र सहितको अन्तिम प्रतिवेदन,
६. लेखापरीक्षण सम्पन्न गर्नुपर्ने अवधि २०७७ माघ मसान्तसम्म तोकी र उक्त अवधिभित्र लेखापरीक्षण सम्पन्न नगरेमा म्याद थप गरेकोमा बाहेक लेखापरीक्षकको नियुक्ति स्वत: रद्ध गरिने व्यहोरा,
७. लेखापरीक्षकलाई लेखापरीक्षणको अलवा अन्य कुनै काम लगाइएको भए सो समेतको पारिश्रमिक तथा अन्य भत्ता सुविधा वापतको विवरण,
८. आन्तरिक लेखापरीक्षण वापत भएको पारिश्रमिक तथा अन्य भत्ता सुविधा खर्चको विस्तृत विवरण,
९. लेखापरीक्षकबाट अन्तिम प्रतिवेदन पेश गरेको ३५ दिन भित्र लेखापरीक्षण प्रतिवेदन तथा लेखापरीक्षकबाट पेश गरेको व्यवस्थापन पत्रको कार्यान्वन गरेको व्यहोरा एवं उक्त प्रतिवेदन तथा व्यवस्थापन पत्रको कार्यान्वयन गर्नको लागी तयार गरेको ठोस कार्ययोजना,

**बोधार्थ तथा कार्यार्थ:**
सिए. श्री सतिस सुवेदी
सिए. श्री नरेश ढुङ्गाना

Upper Tamakoshi Hydropower Limited
अपर तमाकोशी हाइड्रोपावर लिमिटेड
Reg. No./दर्ता नं. 86
Date./मिति 2076/8/6

(दिनेश मिश्र)
निर्देशक


**Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328**
*email: aag.mgmt@oagnep.gov.np* *Web Page: www.oagnep.gov.np*


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"